आज मिति २०७६ फाल्गुण २ गते यस लमही नगरपालिकाका नगर प्रमुख श्री कुलबहादुर के.सी. ज्यूको अध्यक्षता बसेको नगर कार्यपालिकाको बैठकमा देहायका उपस्थितीमा तपशिल बमोजिमका निणर्यहरु गरियो ।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | |
| ३ | श्री तुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | नारायणी खड्का |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | पार्वती |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | ठगे नेपाली |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री गेहेन्द्र बहादुर डांगी | सदस्य सचिव | |

Scanned with CamScanner

लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ ।

<u>कार्यपालिका बैठकको निर्णय मिति : २०७६।११।०२ गते ।</u>

**निर्णय नं. १ :** चालू आ.व. ०७६/०७७ मा DPR गर्ने प्रयोजनको लागि नगरसभाबाट बिनियोजित बजेटको अधिनमारहि मिति २०७६।११।०२ को कार्यपालिका बैठकको निर्णय नं.२(छ) बमोजिम लमही न.पा. वार्ड नं. ८ को विजुलीपुर खोली गाँउ सडक कार्यक्रम छनौट भएकोमा उक्त निर्णयमा संशोधन गरि वार्ड नं. ८ को सतवरिया देखी कालीपुरीया घाट सम्म जाने सडकको DPR गरि सेवा प्रदायक संस्थावाट कार्य सम्पादन सम्पन्न गर्न प्रमुख प्रशासकीय अधिकृतलाई स्वीकृति प्रदान गर्ने,

**निर्णय नं.२:** यस लमही नगरपालिका वडा नं. ६ बस्ने गेद प्रसाद भट्टराईको घरमा मिति २०७६/०१/२० गतेको अचानक हावाहुरी आई क्षति भएको सम्वन्धमा निवेदकको निवेदन, वडा प्रहरी कार्यालय, लमहीको सरजमिन मुचुल्का तथा ६ नं. वडा कार्यालयको सिफारिसका आधारमा आर्थिक सहयोग माग भई आएकोले आ.व. ०७५/०७६ को घटना भएतापनि निज गेद प्रसाद भट्टराईलाई राहत स्वरुप रु. २०,०००।-(बिस हजार) प्रदान गर्ने ।

**निर्णय नं. ३ :** यस लमही नगरपालिका वडा नं. ५ मा प्रो.सुन्दरी गिरीले सञ्चालन गरेको बिष्णु मत्स्य कृषि फर्मका माछाहरु अचानक ठुलो संख्यामा मरी क्षति भएको सम्वन्धमा मिति २०७६।०९।२८ को वडा प्रहरी कार्यालय, लमहीको सरजमिन मुचुल्का सहित प्रो. सुन्दरी गिरीबाट आर्थिक सहयोग मागगरी निवेदन आएकोले निवेदकलाई राहत स्वरुप रु. २०,०००।-(बिस हजार) प्रदान गर्ने ।

**निर्णय नं. ४ :** लमही नगर विकास समितिबाट संचालनमा रहेको बसपार्क क्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यले टर्मिनल भवन तथा बसपार्क परिसरको Detail Project Report (DPR) गर्ने प्रयोजनको लागि लमही नगर विकास समितिबाट अनुरोध भइ आए बमोजिम नगर विकास कोष (Town Development Fund) लाई स्थानिय तह/सरकारको तर्फबाट निर्माण तथा तत्पश्चातको अत्यावश्यकीय व्यवस्थापनको लागि प्रत्याभूति प्रदान गर्ने,

७६।११।२

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ५** : यस लमही नगरपालिकामा संचालन हुन गईरहेको खानेपानि, सरसफाई र स्वच्छता (WASH) योजनाको लागि तपशिलका वडा कार्यालयहरु बाट सिफारिस भई आएका देहाय वमोजिमका गणक प्रमुख प्रशासकीय अधिकृतले मिति २०७६।११।०१ देखि लागु हुने गरी गरिएको सेवा करार सम्झौता अनुमोदन गर्ने,

तपशिल

**(क) वडा नं. २ बाट सिफारिस**

१. अनिता चौधरी, लमही-२, रनियापुर

२. सुनिया चौधरी, लमही-२, केरुनिया

३. बासुदेव चौधरी, लमही-२, सोनपुर

**(ख) वडा नं. ३ बाट सिफारिस**

१. सचितन चौधरी, लमही-३

२. शर्मिला नेपाली, लमही-३

३. मायारानी थारु, लमही-३

**(ग) वडा नं. ४ बाट सिफारिस**

१. मन्जिता चौधरी, लमही-४, सानो घुम्ना

२. ओमी डाँगी, , लमही-४, शान्तिनगर

३. दिपा नेपाली चौधरी, लमही-५, लमही

**(घ) वडा नं. ५ बाट सिफारिस**

१. अनिता भुजेल

२. सुस्मिता कुमारी चौधरी

३. श्यामकला पोखेल

**(ङ) वडा नं. ६ बाट सिफारिस**

१. समिता चौधरी, लमही-६, खैरी

२. अम्बिका चौधरी, लमही-६, बलरामपुर

प्रमुख प्रशासकीय अधिकृत

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ ५ नं. प्रदेश, नेपाल

Scanned with CamScanner

**निर्णय नं. ६** : लमही नगरपालिका वडा नं. २ निवासी श्री जग नारायण चौधरी र अभिमन्यू चौधरीले यसै नगरपालिकाको वडा नं. २ अर्नहवामा जग्गा भाडामा लिई श्री सगरमाथा फिक्स चिम्नी इटा उद्योग संचालन अनुमतिका लागि २ नं. वडा कार्यालयको सिफारिस सहित निवेदन पेश गरेकोमा **लमही नगरपालिका इट्टा उधोग स्थापना तथा संचालनको लागि सिफारिस गर्ने सम्बन्धी कार्यविधि, २०७५** को दफा ५ मा भएको दावी विरोधको सूचना प्रकाशन गर्ने व्यवस्था अनुसार निवेदकको माग बमोजिम उद्योग स्थापना तथा संचालन गर्दा सो क्षेत्रको साँध संधियार तथा त्यस वरिपरिका मानिसहरुलाई वा त्यस क्षेत्रको वातावरणमा उक्त उद्योग स्थापनाबाट कुनै प्रकारको हानी नोक्सानी पुग्न जाने भए उजुरी दिन १५ दिने सूचना प्रकाशन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई स्वीकृति दिने,

**निर्णय नं. ७** : लमही अस्पतालको आ.व. ०७६।७७ को मेसिनरी तथा औजार खरिद शिर्षकमा विनियोजीत बजेट रु.२०,००,०००।- (बिस लाख) बाट तपशिलका सामग्रीहरु खरिद गर्ने गरि लमही अस्पतालको प्रस्तावित बाँडफाँड स्वीकृत गर्ने,

| सि.नं. | विवरण | परिमाण | रकम (रु.मा) |
|---|---|---|---|
| 1. | Erbachem Biochemistry semi auto analyzer with dry bath | 1 | 4,00,000/- |
| 2. | Electric autoclave 16×24 size | 1 | 1,50,000/- |
| 3. | Head box for child | 1 | 15,000/- |
| 4. | USG machine | 1 | 7,00,000/- |
| 5. | Surgical drum | 5 | 17,500/- |
| 6. | Oxygen concentrater | 1 | 80,000/- |
| 7. | Electrolyte Analyser | 1 | 4,00,000/- |
| 8. | Others : | | |
| | a. Peri Light | 2 | 28,000/- |
| | b. Dopler | 1 | 5,000/- |
| | c. Surgical gloves 6.5 size | 10,000 | 3,00,000/- |
| | | **Total :** | **19,95,500/-** |

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही दाङ
५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ८ :** लमही नगरपालिका वडा नं. १ निवासी श्रीमती सोती सार्की घरेलु हिंसावाट घाइते भई उपचारमा रहेको र उपचारमा लागेको खर्चको लागि आर्थिक सहयोगको लागि १ नं. वडा कार्यालयको सिफारिस सहित निवेदन आएकोले निजलाई सहयोग स्वरुप रु.२०,०००।- (विस हजार) आर्थिक सहायता उपलब्ध गराउने,

**निर्णय नं. ९ :** वडा प्रहरी कार्यालय, लमही, दाङको नयाँ फर्निचरका सामानहरु उपलब्ध गराईदिनु हुन भनि अनुरोध आए अनुसार तत्कालको लागि एक सेट सोफा र केही प्लाष्टिकका कुर्चीहरु खरिद गरि उपलब्ध गराउने,

**निर्णय नं. १० :** लमही नगरपालिका मातहतका स्वास्थ्य संस्थामा सुत्केरी भए वापत प्रदान गरिदै आएको यातायात खर्च स्वास्थ्य संस्थाको प्रमुखले प्रमाणित गरिएको आधारमा भुक्तानी दिन स्वीकृति प्रदान गर्ने,

**निर्णय नं. ११ :** CTEVT को ०७६।१०।०७ को १७६ औं बैठकको छोटो अवधिको तालिम सञ्चालन गर्ने निर्णय कार्यान्वयन गर्न राप्ती प्राविधिक शिक्षालयबाट आशय माग भई आएअनुसार यस लमही नगरपालिकामा शहिद परिवार, द्वन्दपिडित, मधेस आन्दोलन घाईते, अपाङ्ग एवम् सशस्त्र द्वन्दमा परेका परिवारका सदस्यहरुलाई तपशिल बमोजिमका छोटो अवधीको सिपमुलक तालीमहरु सञ्चालन गर्न आशय पठाउने,

**तपशिल**

(क) विल्डिङ इलेक्ट्रिसियन तालिम
(ख) प्लम्बिङ तालिम
(ग) कुक तालिम
(घ) वेटर तालिम
(ङ) टायल फिटिङ्ग तालिम
(च) पेन्टिङ्ग तालिम
(छ) वेकरी तालिम
(ज) वारिष्टा (Barista) तालिम
(झ) बेको लोडर तालिम

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही दाङ ५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १२ :** लमही नगरपालिका मातहतका कार्यालयमा प्राविधिक जनशक्तिको न्यूनता पूर्ति गर्न तत्कालको लागि नगर कार्यपालिकाको कार्यालयले मिति २०७५/०८/०५ मा करारमा सेवामा लिने गरि गरिएको विज्ञापन अनुसार मिति २०७६।१०।२२ को सव इन्जिनियर पदको अन्तिम नतिजामा वैकल्पिक सूचिमा पर्न सफल तपशिल बमोजिमका ३ जना र मिति २०७६।१०।२८ को असिष्टेन्ट सव इन्जिनियर पदको अन्तिम नतिजामा वैकल्पिक सूचिमा पर्न सफल तपशिल बमोजिमका ४ जना उम्मेदवारलाई करार सेवामा चालू आ.व.२०७६।०७७ को विनियोजित बजेटको बजेट नं. २२४११ अन्तर्गतको सेवा र परामर्श सेवा शिर्षकमा विनियोजित बजेट रु. २२,००,००० (बाइस लाख) बाट तलब भत्ता पाउने गरि २०७७ असार मसान्त सम्मको लागि सम्झौता गरि सेवा करारमा लिन स्विकृति दिने ।

**पद : सव इन्जिनियर**, सहायक स्तर पाँचौ

**बैकल्पिक उम्मेदवारहरु**

| **यो.क्र.स.** | **उम्मेदवारको नाम** | **ठेगाना** | **वावुको नाम** |
|---|---|---|---|
| १. | श्री उज्जवल खड्का | लमही ४,दाङ | टोप वहादुर खड्का |
| २. | श्री हरिस विश्वकर्मा | लमही १, नर्ती, दाङ | गोरे कामी |
| ३. | श्री सुनिल थापा क्षेत्री | लमही १ नर्ती, दाङ | भक्त वहादुर थापा क्षेत्री |

**पद : असिष्टेन्ट सव-इन्जिनियर**, सहायक स्तर चौथों

**बैकल्पिक उम्मेदवारहरु**

| **यो.क्र.स.** | **उम्मेदवारको नाम** | **ठेगाना** | **वावुको नाम** |
|---|---|---|---|
| १. | श्री भिम प्रसाद चौधरी | तुल्सीपुर-१३, दाङ | नोखिराम चौधरी |
| २. | श्री निर्मला पुन | तुल्सीपुर (बिजौरी ४), दाङ | शशिराम पुन मगर |
| ३. | श्री बविता चौधरी | लमही-३, दाङ | धमविर चौधरी |
| ४. | श्री मिलन के.सी. | तुल्सीपुर-१० , दाङ | कमल राज शर्मा |

**निर्णय नं. १३ :** नेपाल रेडक्रस सोसाइटी लमही उपशाखा बाट चालू आ.व. ०७६/०७७ को लागि कार्यक्रमको खाका सहित अनुदान रकम माग भइ आए अनुसार सो कार्यक्रमको लागि रु.२,००,०००।- (दुई लाख) रकम प्रदान गर्ने ।

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही दाङ ५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. १४ :** यस लमही नगरपालिका अन्तर्गत वार्ड नं. १, २ र ६ को सामाजिक सूरक्षा भत्ता बापतको रकम आगामि आ.व. ०७७।०७८ देखि सिदार्थ बैंक, लमही शाखाबाट मार्फत वितरण गर्ने,

**निर्णय नं. १५ :** लमही नगरपालिका भित्र अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन् कार्य निरुत्साहित गर्न जिल्ला अनुगमन तथा समन्वय समिति दाङको मिति २०७५।०२।०९ को तपशिल बमोजिम निर्धारण गरिएको जरीवाना रकम सम्वन्धी निणर्य अनुसार असूली गर्ने तथा उक्त असूली भएको रकमको पन्ध्र प्रतिशतले हुन आउने रकम त्यस्तो असूलीमा सहयोग गर्ने नियामक निकाय प्रहरीलाई प्रदान गर्ने,

**तपशिल**

| सवारी साधनको नाम | जरिवाना रकम (रु.मा) |
|---|---|
| जे.सी.बी. | ७५,०००।- |
| एक्जाभेटर | १,००,०००।- |
| टिप्पर | ५०,०००।- |
| ट्रक | ५०,०००।- |
| ट्याक्टर | २०,०००।- |
| पावरटिलर | ५,०००।- |

साथै, पटक पटक उही कार्य दोहोऱ्याएमा प्रत्येक पटक दोब्बरका दरले अशुल उपर गर्ने र नदीजन्य पदार्थको उत्खनन गरे वापत राजश्व उठाउने जिम्मेवारी पाएका व्यवसायीले आफ्नो क्षेत्राधिकार भन्दा अन्यत्रको नदिजन्य पदार्थको राजश्वको रसिद काट्ने व्यवसायीलाई माथि उल्लेख भए अनुसारको जरिवाना गर्ने,

**निर्णय नं. १६ :** एक गाउँ एक प्राविधिक कार्यक्रम अन्तर्गत यस लमही नगरकार्यपालिकामा ना.प्रा.स. सहायक चौथो तहमा कार्यरत श्री गंगा चौधरीको तलव भत्ता सम्वन्धमा आगामि नगरसभा (आ.व. ०७७।०७८) बाट व्यवस्थापन गर्ने,,

**निर्णय नं. १७ :** आ.व. २०७५।०७६ मा लमही नगरपालीका क्षेत्रका सामुदायिक बिद्यालयहरुका कक्षा ८ का बिद्यार्थीको सहयोगार्थ श्री जे.एस.मिडिया काठमांडौ बाट प्रदर्शन गरिएको 'मेरो स्कुल' नामक डकुमेन्ट्री बापत उपलब्ध गराइएको अनुदान रु.४०,०००।- (कर बाहेक) रकमको १५% कर दाखिला गर्न छुट हुन गएकोमा छुट कर रकम रु. ५,४००।- (पाँच हजार चार सय) राजश्व खातामा दाखिला गर्ने,

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही दाङ
५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. १८ : लमही नगरपालिका वडा नं. १ स्थित शितलापुर प्राथमिक विद्यालयको शौचालय मर्मतको लागि अधिकतम रु.३,००,०००।-(तीन लाख) रकम प्रदान गर्ने,

निर्णय नं. १९ : शान्ति तथा पूर्ननिर्माण मन्त्रालयको पत्र अनुसार वार्ड नं. २ को पुरानो भवनको निर्माण गर्दा बाकि बक्यौता रहेको रकम नगरसभाबाट आवश्यक बजेट व्यवस्था गरि भुक्तानी दिने,

निर्णय नं. २० : लमही नगरपालिका वडा नं. ५ वस्ने श्री सन्तोष खनाललाई नगर प्रमुख ज्यूको कार्य कक्षमा सहायक कम्प्युटर अपरेटरको रुपमा कार्य गर्ने गरि नियुक्ति दिने,

निर्णय नं. २१ : लमही नगरपालिका वार्ड नं. ७ बस्ने ओम बहादुर पुनमगरले सुखलाल चौधरीको नाममा लमही न.पा.-७ साविक सतवरिया गा.वि.स. वडा नं. २ (ख) को कित्ता नं. ४९४ मा दर्ता श्रेष्तामा रहेको जग्गा सम्याई निस्कने माटो लमही नगरपालिका-७, कमानपुर सम्म ढुवानी गरी माटो भर्नको लागि जग्गाधनिको सहमती पत्र, जग्गा धनि दर्ता प्रमाण पत्र प्रतिलिपी, नागरिकताको प्रतिलिपी, मालपोत रसिदको प्रतिलिपी र ७ नं. वडा कार्यालयको सिफारिस पत्र सहितको निवेदन र लमही नगरपालिका वार्ड नं.७ बस्ने टेक बहादुर पुनमगरले रामप्रसाद चौधरीको नाममा लमही न.पा.-७ साविक सतवरिया गा.वि.स. वडा नं. २(ख)को कित्ता नं. ३६९ मा दर्ता श्रेष्तामा रहेको जग्गा सम्याई निस्कने माटो लमही नगरपालिका-७, कमानपुर सम्म ढुवानी गरी माटो भर्नको लागि जग्गाधनिको सहमती पत्र, जग्गा धनि दर्ता प्रमाण पत्र प्रतिलिपी, नागरिकताको प्रतिलिपी, मालपोत रसिदको प्रतिलिपी र ७ नं. वडा कार्यालयको सिफारिस पत्रसहित आएको निवेदन अनुसार जम्मा २४०३४ क्यूफिट माटो ढुवानी गर्न सिफारिस माग भईआएकोमा प्रदेश नं. ५ को नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को परिच्छेद ४ दफा १२ (४) मा भएको व्यवस्था बमोजिम जिल्ला अनुगमन तथा व्यवस्थापन समिति समक्ष सिफारिसको लागि पेस गर्ने र जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको सिफारिस आएमा उक्त कार्यकोलागि स्विकृति दिने,

निर्णय नं.२२ : लमही नगरपालिका वडा नं. ७ निम्बुखुटी (राजमार्ग)हुदै टेङ्गनैयाबाबा- धारपानी जोड्ने सडक निर्माण गर्ने र त्यसबाट निक्लेका ढुंगा राप्तीको तटबन्ध गर्ने कामको लागि प्रचलीत कानून बमोजिमको राजश्व लीई उपलब्ध गराउने मनासिब देखिएकोले जिल्ला अनुगमन समितिलाई सिफारिस गर्ने ।

निर्णय नं. २३ : लमही न.पा.बाट आई. ई.ई. सम्पन्न भई ठेक्का लागेका राप्ती नदी बुटकवा घाट र राप्ती नदी सेमरहवा घाट क्षेत्रबाट मेशिनरी औजारहरु प्रयोग गरि सम्बन्धीत ठेकेदारलाई राजश्व तिरी नदिजन्य पदार्थ लैजान राष्ट्रिय गौरवको आयोजना(दाङ्ग जिल्लाको कालाकाटे देखी बाँके जिल्ला सम्मको हुलाकी सडक) का र्निमाण व्यवसायी श्री एपेक्स/कन्काई/ खड्का कृष्ण जे.भी., काठमांडौलाई अनुमती दिने ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. २४ : यस चालु आ.व. २०७६/०७७ का तपशिल बमोजिमका ठेक्का सन्दर्भमा देहाय बमोजिम गर्ने,

(क) ठेक्का नं. रा१०/२०७६/०७७, लमही-६, राप्ति अर्जुन खोला दोभान वाट नदिजन्य पदार्थ संकलन तथा उत्खननको लागि सुरुको ठेक्का पाएको श्री आकृति मालिका कन्स्ट्रक्सनलाई सम्झौता गर्ने अन्तिम मिति २०७६।०९।२७ सम्ममा सम्झौता गर्न नआएको कारण सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ५ तथा सोही ऐनको दफा ६३(१) ख र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ को उपनियम १ बमोजिम मिति २०७६।०९।१६ गतेको कार्यालयको निर्णयमा जमानत रकम जफत गरि सार्वजनिक खरिद अनुगमन कार्यालयमा कालो सूचिमा राख्नको सिफारिस पठाउने निर्णय कार्यान्वयन नगर्ने, प्रदेश नं ५ को प्रदेश सरकारले जारी गरेको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को दफा ९ मा व्यवस्था भए अनुसार उक्त कम्पनीले राखेको धरौटि जफत गर्ने तर कालो सूचिमा राख्नको सिफारिस नपठाउने, साथै सोही ठेक्काको दोस्रो बढी बोलपत्र कवोल गर्ने श्री जय कालिका निर्माण सेवा, लमही-८, दाङ समेत सम्झौता गर्नुपर्ने अन्तिम मिति २०७६/१०/१० सम्मका सम्झौताको लागि नआएकाले प्रदेश नं ५ को प्रदेश सरकारले जारी गरेको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को दफा ९ मा व्यवस्था भए अनुसार निज कम्पनीले राखेको धरौटि रकम जफत गर्ने र यस पछि तेस्रो वढी बोलपत्र कवोल गर्ने श्री देउती निर्माण सेवा, लम्कीचुहा न.पा.-१, कैलालीलाई उक्त कार्यको लागी सम्झौता गर्न स्वीकृति प्रदान गर्ने,

(ख) ठेक्का नं. रा०८/२०७६/०७७, लमही-९, राप्ति गौताल घाट वाट नदिजन्य पदार्थ संकलन तथा उत्खननको लागि सुरुको ठेक्का पाएको श्री तिरुपाते निर्माण सेवा प्रा.लि. घोराही उ.म.न.पा.-१६, दाङ ले सम्झौता गर्ने अन्तिम मिति २०७६।०९।२० सम्म सम्झौता गर्न नआएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ५ तथा सोही ऐनको दफा ६३(१) ख बमोजिम जमानत रकम जफत गरि सार्वजनिक खरिद अनुगमन कार्यालयमा कालो सूचिमा राख्नको सिफारिस पठाउने गरि मिति २०७६।०९।२२ मा कार्यालय वाट भएको निर्णय कार्यान्वयन नगर्ने, प्रदेश नं ५ को प्रदेश सरकारले जारी गरेको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को दफा ९ मा व्यवस्था भए अनुसार उक्त कम्पनीको जमानत मात्र जफत गर्ने, कालोसूचीमा राख्न सिफारिस नगर्ने । साथै सोही ठेक्काको दोस्रो बढी बोलपत्र कवोल गर्ने बोलपत्रदाता श्री जय कालिका निर्माण सेवा, लमही न.पा.-५, दाङको वोलपत्र स्वीकृती गर्न लेखिएको प्रक्रियालाई अनुमोदन गर्ने,

प्रमुख प्रशासकीय अधिकृत

(ग) ठेक्का नं. रा१२/२०७६/०७७, लमही-२, राप्ति नदि भठिनया घाट वाट नदिजन्य पदार्थ संकलन तथा उत्खननको लागि श्री जन निर्माण सेवा, लमही-५, दाङ ले पेश गरेको दरभाउ रितपूर्वक रहेको र उक्त निर्माण सेवाले कवोल गरेको रकम सारभूत रुपमा प्रभावग्राही भइ दिइएको स्वीकृतीलाई अनुमोदन गर्ने,

(घ) ठेक्का नं. रा१४/२०७६/०७७, लमही-२, राप्ति वडका घुम्ना घाट वाट नदिजन्य पदार्थ संकलन तथा उत्खननको लागि श्री जय कालिका निर्माण सेवा, लमही-८, दाङ ले पेश गरेको दरभाउ रितपूर्वक रहेको र उक्त निर्माण सेवाले कवोल गरेको रकम सारभूत रुपमा प्रभावग्राही भइ दिइएको स्वीकृतीलाई अनुमोदन गर्ने,

(ङ) ठेक्का नं. रा०१/२०७६/०७७, लमही-७, राप्ति नदि बलरामपुर घाट वाट नदिजन्य पदार्थ संकलन तथा उत्खननको लागि श्री शुभ निर्माण सेवा, लमही-५, दाङ ले पेश गरेको दरभाउ रितपूर्वक रहेको र उक्त निर्माण सेवाले कवोल गरेको रकम सारभूत रुपमा प्रभावग्राही भइ दिइएको स्वीकृतीलाई अनुमोदन गर्ने,

(च) ठेक्का नं. रा०६/२०७६/०७७, लमही-९, गंगरी खोला घाट वाट नदिजन्य पदार्थ संकलन तथा उत्खननको लागि श्री के आर कन्स्ट्रक्सन, लमही-६, दाङ ले पेश गरेको दरभाउ रितपूर्वक रहेको र उक्त निर्माण सेवाले कवोल गरेको रकम सारभूत रुपमा प्रभावग्राही भइ दिइएको स्वीकृतीलाई अनुमोदन गर्ने ।

**निर्णय नं. २५ :** मृगौलाको उपचार तथा रोकथाम (मृगौला रोगीको डायलाइसिस) गर्न यस लमही नगरपालिका वडा नं. ५ रातोडाडामा गौतम बुद्ध सामुदायिक स्वास्थ्य संस्था बाट लमही सामुदायिक डायलाइसिस सेन्टर संचालन गर्नका लागि स्वीकृती माग गरी निवेदन आएकोमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएको स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नती मापदण्ड सम्वन्धी निर्देशिका, २०७० मा उल्लेख गरेको व्यवस्था बमोजिम हुनेगरि गौतम बुद्ध सामुदायिक स्वास्थ्य संस्था ( प.सं. ०७६।७७, च.नं. ८४ मिति २०७६।१०।१२को प्राप्त पत्र अनुसार) लाई यस लमही नगरपालिकामा दर्ता गरी उक्तसेवा संचालन गर्न स्वीकृति प्रदान गर्ने,

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही दाङ ५ नं. प्रदेश, नेपाल

७६।११।२
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner